# लोमन्थाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

लोमन्थाङ, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र सङ्ख्या : २०७९/०८०

चलानी नं. : ४०८

## गरिब तथा जेहेन्दार छात्रवृत्ती सम्बन्धी अत्यन्त जरुरी सूचना !

## प्रथम पटक प्रकाशित मिति : २०७९/१०/०४

प्रस्तुत विषयमा लोमन्थाङ गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम तथा "लोमन्थाङ गाउँपालिकाबाट गरिब तथा जेहेन्दार छात्रवृत्ती वितरण कार्यविधि, २०७८" अन्तर्गत वितरण गरिने गरिब तथा जेहेन्दार छात्रवृत्ती को लागि मिति २०७९/०९/२२ को गाउँकार्यपालिका बैठकको निर्णय बमोजिम लोमन्थाङ गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयबाट SEE/ SLC उत्तिर्ण गरि जुनसुकै तह र विषयमा उच्च शिक्षा अध्ययनरत लोमन्थाङ गाउँपालिकाको स्थायी बासिन्दाले तपसिलमा उल्लेखित कागजात संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र सम्पूर्ण कागजात सहित लोमन्थाङ गाउँपालिकाको कार्यालय, सम्बन्धित वडा कार्यालय वा गाउँपालिकाको e-mail address: lomanthanggaupalika@gmail.com मा सम्पुर्ण कागजातको प्रतिलिपी/scan copy सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।रित नपुगेका र म्याद नाघी आएका आवेदन उपर कुनै कार्वाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**आवश्यक कागजात :**

- निवेदन
- SEE/SLC उत्तिर्ण गरेको विद्यालयको सिफारिस
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- पारिवारिक वार्षिक आम्दानी सहितको स्व-घोषणा पत्र
- अघिल्लो वर्षको उत्तिर्ण प्रमाणपत्र वा GPA प्रमाणपत्र
- नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- अध्ययनरत +२, स्नातक वा स्नातकोत्तर तहको शैक्षिक संस्थाको सिफारिस पत्र
- वैंक खाता विवरण (चेकको फोटो सहित)

पुनश्च : पारिवारिक वार्षिक आम्दानी सहितको स्व-घोषणा पत्रको नमुना गाउँपालिकाको website: lomanthangmun.gov.np मा यसै सूचना साथ संलग्न अनुसूची १ बमोजिमको फारमको ढाँचा download गरी भर्नु पर्ने छ । थप जानकारीका लागि सम्पर्क नं. ९८५७६३६८४२, ९८५७६३०३३० वा सम्बन्धित वडा अध्यक्षलाई सम्पर्क गर्न सकिने छ ।

बुद्दिराम उपाध्याय

प्रमुख प्रशासकीय अधिकृत